# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।१९ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

शारदा निम्न माध्यमिक विद्यालय नामसालिङ-५, इलामका तत्कालीन शिक्षक अविनारायण अधिकारीको झुट्टा एवम् नक्कली शैक्षिक प्रमाणपत्र छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले Bihar School Examination Board Patna, भारतबाट Secondary School Examination (HS) तह पास गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति लिइ बढुवा समेत हुनुका साथै निवृत्तभरण समेतको लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी